**विश्व न्याय गृह**

रिज्वान २०१९

विश्वभरिका बहाईहरूका लागि

अति प्रिय मित्रहरू,

१. अति महान उत्सव जति जति नजीकै आउँदै छ त्यति नै हामीलाई कृतज्ञता र प्रतिक्षाको भावनाले अघि बढाउँदैछ-कृतज्ञता ती चमत्कारहरूका लागि जुन बहाउल्लाहका अनुआयीहरूले हासिल गर्न सकेका छन् , प्रतिक्षा ती कुराहरूका लागि जुन निकट भविष्यका लागि तैयार छन् ।

२. बहाउल्लाहको दुई सयौं जन्म दिवस विश्व भरि मनाउँदा जुन गति प्राप्त भएको थियो त्यो अझ बढ्न गएको छ । बढ्दो गतिमा विकास भइरहेको बहाई समुदाय, त्यसको बढ्दो क्षमता, र आफ्नो समुदायका बढी सदस्यहरूको बल प्राप्त गर्ने क्षमतालाई हालैका विश्वव्यापी सफलताहरूबाट प्रष्ट रूपमा देखिन थालेको छ । यी मध्ये, खासगरी समुदाय निर्माण गर्ने क्रियाकलापहरू बढेको प्रष्ट देखिन्छ । वर्तमान पाँच वर्षे योजनाले बीस वर्ष देखि सुनियोजित तरीकाले परिमार्जन गर्न र क्रियाकलापहरू बृद्धि गर्न बहाई विश्व द्वारा गरेको प्रकृयाहरूलाई अनुसरण गरिरहेको छ-तर आश्चर्यजनक रूपले योजनाको पहिलो अढाई वर्ष मै मुख्य क्रियाकलापहरूको संख्या आधाभन्दा बढी नै बृद्धि हुन गएको छ । विश्व-व्यापी समुदायले कुनै पनि बेला, दश लाखभन्दा बढी मानिसहरूलाई यस्ता क्रियाकलापहरूमा संलग्न गराउन सक्ने, तिनीहरूलाई आध्यात्मिक वास्तविकता बारे अनुसन्धान गर्न र अनुभव गर्न सक्ने बनाउन मद्दत गर्न सक्ने क्षमताको विकास गर्न सकेको छ । यही छोटो अवधिमा प्रार्थनाका लागि आयोजना हुने भेलाहरूको संख्या दोब्बर भएको छ - मानवजाति बढ्दो मात्रामा आशा तथा कृपाको स्रोतबाट विमुख भइरहेको बेलामा यो अति आवश्यक प्रत्युत्तर हो । यो विकासले एउटा विशेष आशा राखेकोछ किनकि भक्तिभाव कार्यक्रमहरूले समुदायको जीवनमा एउटा नयाँ भावना पैदा गर्न सक्छन् । सबै उमेरका मानिसहरूका लागि गरिने शैक्षिक प्रयासहरूलाई एकसाथ मिलाउँदै, तिनले ती प्रयासहरूको उच्च उद्देश्यलाई बल दिन्छन्: अर्थात आफ्नो ईश्वर प्रतिको पूजाआराधना र मानवजातिको सेवाबाट विशिष्टता पाएका समुदायहरूलाई प्रोत्साहित गर्दछन् । यो सवभन्दा बढी ती क्लस्टरहरूमा देखिन्छन् जहाँ बहाई क्रियाकलापहरू ठूलो संख्यामा स्थायीरूपमा सहभागिता भएको देखिन्छ र आफ्नो समुदायको विकासमा मित्रहरूले तेस्रो कोशे ढुङ्गा पार गरेका छन् । हामीलाई हर्ष लागको छ कि यस्तो प्रकारको बृद्धिको प्रक्रियाको प्रगती पार गर्ने क्लस्टरहरूको संख्या योजनाको प्रारम्भदेखि अहिलेसम्म दोब्बर भएर अहिले करीब पाँच सय पुगेको छ ।

३. रूपान्तरणको प्रक्रिया जुन अहिले चलिरहेको छ त्यसलाई मापन गर्नमा यस संक्षिप्त सर्वेक्षणले न्याय गर्न सक्दैन । 'योजना' का बचेका बाँकी दुई बर्षको परिदृश्य धेरै नै उज्वल छ । यो गएको एक वर्षमा निक्कै उपलब्धि भएको छ, खासगरी ती क्लस्टरहरूमा जहाँका बलिया वृद्धि कार्यक्रमहरूबाट सिकिएका पाठहरू व्यापक रूपले वितरण गरियो र हामीले आशा गरिए अनुसार

ती अहिले ज्ञान र स्रोत साधनका भण्डार बन्न गएका छन् । अन्तर्राष्ट्रिय शिक्षण केन्द्र, सल्लाहकारहरू र तिनीहरूका अथक सहायकहरूलाई यो सुनिश्चित गर्न केहीले पनि रोक्न सकेको छैन कि विश्वका सबै भागमा रहेका मित्रहरूलाई यस ज्ञान प्राप्तिको तिब्र बेगबाट लाभ लिन सकुन र प्राप्त अन्तरदृष्टिहरूलाइ आफ्नै वास्तविकतामा फेरि लागू गरुन । हामी यो देखेर हर्षित छौं कि क्लस्टरहरूको बढ्दो संख्यामा र छरछिमेक तथा ती अन्तर्गतका गाउँघरमा मित्रहरूको एउटा नाभिक देखिन थालेका छन् जसले काम र चिन्तनद्वारा आफ्ना वरिपरि वृद्धिको प्रकृयामा, कुनै निश्चित समयमा, अगाडि बढ्न के आवश्यक छ भन्ने कुरा पत्ता लगाउन थालेका छन् । तिनीहरूले प्रतिष्ठानको प्रवल साधनबाट बल प्राप्त गरेका छन् जसको माध्यमबाट समुदायको आध्यात्मिक र भौतिक समृद्धिको लागि आवश्यक क्षमता बढ्न जान्छ र तिनीहरूले काम गर्न थालेपछि तिनीहरूसँग संलग्न हुनेहरूको संख्या बढ्न थाल्दछ । स्वभावत्, ठाउँ अनुसार परिस्थिति फरक फरक हुन्छ, त्यसरी नै बृद्धिका स्वरूप पनि फरक हुन जान्छ । तर व्यवस्थित प्रयासद्वारा सबैले गरिरहेका काममा झन् झन् बढी प्रभावकारी योगदान प्रदान गर्न सकिन्छ । प्रत्येक परिस्थितिमा अरू आत्माहरूलाई अर्थपूर्ण तथा उत्साहबर्धक वार्तालापमा संलग्न गर्न पाउँदा परम हर्ष अनुभव हुन्छ, जसद्वारा ढिलोचाँडो तिनीहरूका आध्यात्मिक ग्रहणशीलतामा उत्तेजना पैदा हुन्छ । अनुयायीको हृदयमा जति जति उज्यालो ज्वाला चम्कन्छ त्यसको न्यानोपनबाट प्रभावित त्यति नै आकर्षणको शक्ति अनुभव गरिन्छ । र बहाउल्लाहको प्रेमबाट उत्प्रेरित हृदयको लागि बन्धुआत्माहरूको खोजी गर्नु, सेवा मार्गमा प्रवेश गरे पछि तिनीहरूलाई प्रोत्साहित गर्नु, अनुभव हासिल गर्न थाले पछि तिनीहरूलाई साथ दिनु र सायद सबैभन्दा खुशीको कुरा, यस्ता आत्माहरू प्रभुधर्ममा दृढ बनेर आफै स्वतन्त्र रूपमा आफ्नै जस्तो यात्रामा उनीहरूलाई सहायता गरेको हेर्न पाउनु जस्तो उपयुक्त व्यवसाय अरू के हुन सक्छ । यो क्षणिक जीवनले हामीलाई प्रदान गर्न सक्ने सबभन्दा अविस्मरणीय क्षणहरू यिनै नै हुन् ।

४. बाबको दुई सयौं जन्मजयन्ती नजीकै आइरहेकोले यो आध्यात्मिक अभियानलाई अघि बढाउने सम्भावना अझ बढी रोचक बन्न गएको छ । यसभन्दा अघिको दुई सयौं जन्मदिवस जस्तै यो उत्सव पनि अति नै अमूल्य छ । यसले सबै बहाईहरूलाई आफ्नो वरिपरिका व्यक्तिहरूलाई ईश्वरको महान दिन, अर्थात एक पछि अर्कोगरि प्रकट भएका दुई ईश्वर अवतारहरू, ती तेजस्वीहरू जसले विश्वको क्षीतिजलाई उज्ज्वल बनाए, उनीहरूद्वारा प्रस्फूटन् भएको दैवी कृपाबारे सचेत गराउने अद्भूत अवसरहरू प्राप्त भएको छ । आगामी दुई चक्रमा के सम्भव हुन्छ भन्ने कुरा दुई वर्ष अगाडि मनाइएको द्वी-शतवाषिकी उत्सवको अनुभवहरूबाट सबैलाई थाहा भइसकेको छ र त्यस अवसरमा सिकिएका सबै कुराहरूलाई यस वर्ष एकै साथ मनाइने दुई -पवित्र जन्म दिवसमा प्रयोग गर्नुपर्छ । जब दुई सय वर्षौं उत्सव नजीक नजीक आउँछ तब तपाईहरूलाई पवित्र स्थलहरूमा हामी बराबर प्रार्थना गर्ने छौं कि तपाईहरू सुहाँउदो किसिमले बाबको सम्मान गर्नु हुनेछ र त्यसको फलस्वरूप उनले भविष्यवाणी गरेको धर्मलाई अझ अघि बढाइने छ ।

५. निर्माणाधीन युगको पहिलो शताब्दीको समापन नजिक छ तर अब अढाई वर्ष मात्र बाँकी छ । प्रभुधर्मको वीरताको युगमा त्यागपूर्णका साथ बसालिएको आधारशिलालाई सुदृढ पार्न र विस्तार गर्न प्रयोग गरिएको प्रयासले एक सय वर्ष पूरा गर्दै छ । त्यसै समयमा बहाई समुदाय अब्दुल-

बहाको स्वर्गारोहणको एक सय वर्षमा पुग्नेछ जुन समयमा अति प्रिय स्वामी यस संसारिक सीमितताहरूबाट मुक्त भएर स्वर्गीय गौरवको वासस्थानमा आफ्ना पितासँग पुनर्मिलन हुनुभएको थियो । एक दिन पछि भएको उहाँको अन्त्यष्टि यस्तो थियो त्यस्तो घटना "प्यालस्टाइनले कहिल्यै देखेको थिएन ।" त्यसको समाप्तिमा उहाँको पार्थिव अवशेषलाई बाबको समाधि को एउटा कोठामा चिर-शान्तिका लागि समाविष्ट गरिएको थियो । तर, शोघी एफेन्दीले यो एउटा अस्थायी व्यवस्था मात्र हो भन्नु भएको थियो । उपयुक्त समयमा अब्दुल-बहाको अद्वीतिय स्थान सुहाउँदो समाधी निर्माण गरिने छ भनिएको थियो ।

६. त्यो समय आइपुगेको छ । उहाँको पवित्र अवशेषलाई सधैंको लागि स्थापित गर्नका लागि एक भव्य भवन निर्माण गर्नका लागि बहाई विश्वलाई आव्हान गरिएको छ । यो भवन रिज्वान बगैंचाको नजिकै निर्माण गरिनेछ, जुन जमीनलाई बरद सौन्दर्यका पाइलाहरूले पवित्र बनाइएको थियो; अब्दुल-बहाको समाधि त्यस स्थानमा रहने छ जुन अक्का र हाइफाका पवित्र स्थलहरूको बीचको अर्धचन्द्राकार देखिने स्थान पर्दछ । वास्तुकला सम्बन्धि योजनाहरू अघि बढिरहेका छन् र आगामी महिनाहरूमा त्यस सम्बन्धी सूचनाहरूको प्रवाह भइरहने छ ।

७. हामीलाई हर्ष र उल्लासको तरङ्ग पैदा हुन्छ जब हामी आगामी वर्षका संभावनाहरूलाई हेर्दछौं । हामी तपाईंहरू प्रत्येकलाई हेर्दछौ -जो बहाउल्लाहको सेवामा व्यस्त हुनुहुन्छ, प्रत्येक देशमा शान्तिको लागि परिश्रम गर्दैहुनुहुन्छ,-आफ्नो उच्च दायित्व पूरा गर्नुहुनेछ ।

विश्व न्याय गृह